# पोखराको पत्रकारिता

केशवराज पराजुली

## १. पोखराको सामान्य चिनारी

नेपालको मानचित्रको ठीक माझ भागमा पोखरा देखिन्छ। अहिले पोखरालाई राजधानीसँग जोड्ने र दक्षिणी सिमानासँग जोड्ने राजमार्ग छन्। राजमार्ग खुल्नुभन्दा धेरै पहिलेदेखि यहाँ हवाईसेवा चालू थियो। पोखरा अहिले वृक्ष वनस्पतिको होइन, सिमेण्टको जङ्गल भैसकेको छ। घरहरू अत्याधुनिक रूपमा सुकिला-मुकिला देखिन्छन्। विश्वविद्यालय छ, इन्जनियरिङ कलेजहरू, मेडिकल कलेजहरू जस्ता प्राविधिक उच्च शिक्षा प्रतिष्ठानका साथसाथै शिक्षा, कानुन, विज्ञान, मानविकी, वाणिज्य/व्यवस्थापन जस्ता विविध विषयका उच्च शिक्षा-पीठहरू चलिरहेका छन्। अस्पताल र निजी नर्सिङ्ग होमहरू पनि यथेष्ट भैसकेका छन्। कालो पत्र लगाएका सडकहरूको जालो वनिसकेको छ भने तिनमा गुड्ने सवारीका साधनहरू सुलभ भएका छन्। पानी, विजुली जस्ता उपयोगी सेवासँगै मनोरञ्जनका थरी थरीका गजल रेष्टुराँ, सिनेमा हल इत्यादिका सुविधा सुलभ छन्। सङ्क्षेपमा भन्दा पोखराले आधुनिकताको नागरी जामा पहिरिसकेको छ। यो एउटा द्रुत गतिले हुर्कँदो सहर हो। यसलाई राजधानी काठमाडौंपछि आउने दोस्रो पर्यटक नगरी भन्दछन्। प्रकृत सुषमाले सुशोभित, हिमाल, पहाड, समतल मैदान, तालतलैया, हरियाली र समशीतोष्ण जलवायुले यसलाई आकर्षक र मनोरम पारेका छन्। यसका यिनै विलक्षणताले दुनियाँमा अद्वितीय नगरीका रूपमा यसलाई चिनाइरहेका छन्।

## २. पत्रकारिता के हो?

पत्रकारिता सूचना-सञ्चारको आधुनिक कला हो। मानव सभ्यताको आरम्भकालदेखि नै सूचना-सञ्चारको आवश्यकता र महत्त्व मनुष्य समाजले राम्ररी बुझेको हो। मनुष्येतर प्राणीजगत– हात्तीदेखि कमिलासम्म–मा कुनै न कुनै सूचनाको सञ्चार-प्रणाली व्यवहृत भएको हामी देख्दछौं। मानिसको सञ्चार विकसित होला, मनुष्येतर जीवजन्तुको प्राकृतिक होला, फरक यत्ति नै हो।

सूचना-सञ्चारको माध्यम पत्र हो। पत्र तयार गर्ने पत्रकार भयो। पत्रकारको धर्म र कर्मलाई पत्रकारिता भन्दछन्। पत्र संस्कृत भाषाको शव्द हो। यसको सामान्य अर्थ हो वृक्ष-वनस्पतिको पात। यसैले कागजको पन्नालाई पनि वुझाउँछ। सूचना लेखिएको वा छापिएको कागजको पन्नालाई पत्र भन्ने चलन चलेको छ। पत्रको क्षुद्रतावोधक रूप पत्रिका हुन्छ। समाचार-पत्र, खवर कागज, पत्र, पत्रिका समानार्थी शव्द हुन्।

चिट्ठीलाई पनि पत्र भन्दछन्। चिट्ठीपत्र भनेको पनि चिट्ठी वा पत्र हो। पत्रले सूचनालाई एकवाट अर्को व्यक्तिसम्म पुऱ्याउने काम गर्दछ। वैयक्तिक सरोकारको पत्र

चिट्ठीपत्र हो। सार्वजनिक सरोकारको अर्थात् सवैको सरोकारको वा सवैका लागि सूचना भएको पत्र समाचार-पत्र हुन्छ। हिजोआज सार्वजनिक जानकारी दिन समाचारपत्र निकालिन्छन्। ती समाचारपत्र विक्छन्, किनिन्छन्। समाचारपत्र छाप्ने वेच्ने एउटा उद्योगव्यवसाय वनिसकेको छ। यस उद्योगवाट थरीथरीका पत्रपत्रिका वजारमा आएका छन्। कुनै दैनिक, कुनै साप्ताहिक र कुनै पाक्षिक छन्। विषयगत रूपमा पनि राजनीतिक, आर्थिक, विज्ञान, कला, साहित्य वेग्लावेग्लै र कुनै भने छ्यासमिस रूपमा सवैलाई समेटेका पत्रपत्रिकाले वजार पाएका छन्। जसको जेमा रुचि छ, जसलाई जे मनलाग्छ, किन्दछ।

हामी यहाँ पोखराको पत्रकारितावारे विचार गर्दैछौं। पोखराको पत्रकारिताको कुरा गर्दा समग्र नेपालको स्थितिलाई पहिले हेर्नुपर्ने हुन्छ। *गोरखापत्र* नेपाली पत्रकारिताको आरम्भविन्दु मानिन्छ। यो सुरु भएको भर्खरै सय वर्ष मात्र नाघेको छ। जहाँसम्म स्वतन्त्र पत्रकारिताको कुरा छ, यो *गोरखापत्र*भन्दा लगभग ५० वर्ष कान्छो छ। २००७ सालमा प्रजातन्त्रको उदय भएपछि मात्र स्वतन्त्र पत्रकारिताको आरम्भ भएको हो। यसको आरम्भ कविवर सिद्धिचरण श्रेष्ठको *आवाज* दैनिकको प्रकाशनवाट भएको मान्नुपर्दछ। यस हिसावले पोखरा राजधानीभन्दा ९/१० वर्ष मात्रै पछि छ। पोखरामा पत्रकारिताको शुभारम्भ जगन्नाथ सिग्देलले २०१७ सालमा गरेका हुन्।

पत्रकारिताको विकासका लागि प्रथमतः राज्यको शासन-पद्धति उदार हुनु नितान्त जरूरी छ। जहाँ अभिव्यक्तिको स्वतन्त्रता हुँदैन, त्यहाँ पत्रकारिताको विकास असम्भव हुन्छ। २००७ साल पहिले देशमा राणाहरूको निरङ्कुश जहानियाँ शासन थियो। अभिव्यक्ति-स्वतन्त्रता जस्ता अत्यावश्यक मौलिक हकहरूवाट जनता वञ्चित थिए। त्यसवेला *गोरखापत्र* वाहेक अरू कुनै पत्रिका थिएन। *गोरखापत्र* सरकारले चलाएको पत्र हो। आजसम्म पनि त्यो सरकारकै अधीनमा चलिरहेछ। त्यसमा सरकारी काम कुराको विरोध हुने कुरा छापिन्न। त्यसैले वास्तविक पत्रकारिता भन्नु स्वतन्त्र पत्रकारिता हो। स्वतन्त्र पत्रकारिता जन-स्तरवाट नै आउँछ, आउनुपर्दछ। र २००७ सालले त्यो अवसर ल्याएको पनि हो, तर हठात् २०१७ सालले त्यो अवसरलाई पुनः अपहरण गऱ्यो।

## ३. पोखराको पत्रकारिता किन?

प्रथमतः हरेकलाई आफ्नो चिज, जस्तो होस्, त्यसको माया नै हुन्छ। वालक सवैले सवैको स्नेह पाउँछन्, वूढाले आदर पाउँछन्, किन्तु आफ्नो भनेपछि सिँगाने वालक होस् या ऱ्याले वूढो, तीप्रतिको आत्मीयताले स्नेह र आदरभावलाई तरलतम वनाइदिन्छ। यसमा किन भन्ने प्रश्न उठ्दैन, किनकि यो प्रकृतिको स्वभाव हो। दोस्रो, पत्रकारिता विकसित चेतनाको प्रतीक हुन्छ। आफ्ना ठाउँका समस्यालाई, वेदना र पीडालाई, सफलता र सुखलाई आफ्नो पत्रकारिताले जे जस्तो वाणी जसरी दिन्छ त्यो अन्यत्रकाले गर्न सक्तैन। नागर जीवनको यो पनि एउटा पद्धति हो।

पोखरा नगरवाट उपमहानगरको सिँढीमा चढेको छ। अव उसमा महानगर वन्ने सपना टुसाइसक्यो होला। यो विकासोन्मुख सहरको सूचनाको अपेक्षालाई

वाहिरवाट आउने सूचनाले पूरा गर्न सक्तैनन्। आफ्ना सहरका मसिना कुराले वाहिर ठाउँ नपाएका हुन्छन्। कतिपय महत्त्वपूर्ण कुरा पनि ओझेलमा पर्न सक्तछन्। आफ्नो ठाउँका सूचना माध्यमले महत्त्वपूर्ण कुरादेखि साना मसिना कुरालाई पनि समेट्ने प्रयत्न गर्दछ। त्यसैले आफ्नो ठाउँको आफ्नो चिजको महत्त्व नै आफ्ना लागि अर्कै हुन्छ। त्यसैले त महर्षि वाल्मीकिले जन्मभूमिलाई "स्वर्गादपि गरियसी" भन्ने उपमा दिएका छन्। पत्रकारिताको दृष्टिमा पोखराको जे जति विकास अहिले भएको छ, त्यो अव्यवस्थित छ। अव्यवस्थित विकासले व्यवस्थित विकासलाई कुण्ठित पार्दछ। यहाँ उत्पादन वढाउने, आम्दानी वढाउने क्रियाकलाप भएका छैनन्, इलम-रोजगारीका सीप विकास गर्ने, रोजगारीका अवसर सिर्जने काम भएको छैन। वाहिरवाट ओइरिएको पैसाले घर वने, वाटोमा गाडी गुडेका देखिएको छ र यसैलाई विकास भनिँदैछ। वस्तुतः मानव विकासको दृष्टिले मानिसको आयस्तर नउठेसम्म, जीवन-स्तर नवढेसम्म विकास भएको हुँदैन। यो मर्मलाई वुझिदिने, वोलिदिने र घचघच्याउने, सचेत गराउने काम त्यहीँवाट हुनुपर्दछ, त्यहीँकाले गर्नुपर्दछ। यही कारणले हो पोखराले आफ्नो पत्रकारिता खोजेको।

## ४. प्रजातन्त्रको उदयसँगै पत्रकारिताको बीउ टुसाएको हो

२००७ सालको जनक्रान्तिले शताव्दीदेखि देश र जनतालाई अन्धकारमा राख्ने निरङ्कुश सत्ता जव ढल्यो, त्यही वेला देशलाई उन्नतिको मार्गमा कसरी डोऱ्याउने भन्ने चिन्ताले क्रान्तिदूतहरूलाई सताउन थाल्यो। सङ्क्रमणकालीन वेथिति एकातिर, दासताको संस्कार भरिएका शोषकहरूले शोषिएका, गरिवीले थिचिएका जनता अर्कोतिर भएको स्थितिमा जनता जगाउने र उनीहरूमा चेतना भर्ने काम गर्नुपर्ने उनीहरूले देखे। तत्काल साध्य हुने कुरा त यो थिएन, तैपनि, 'शनै कन्था, शनैःपन्था', प्रयत्न त गर्नुपऱ्यो भनेर पुस्तकालय खोल्ने, विद्यालय खोल्ने, तिनलाई चलाउने, विमानस्थल वनाउने जस्ता कुरामा उनीहरूको ध्यान केन्द्रित भयो। उनीहरूले जनतालाई सामाजिक कार्यमा उत्प्रेरित गर्न पत्रपत्रिकाको पनि महत्त्वपूर्ण भूमिका हुन्छ भनेर *नवयुग* नामको हस्तलिखित पत्रिका मासिक रूपमा निकाल्ने निधो गरे। यो कामको जिम्मा राजधानीमा वसी पढेलेखेका, देखेजानेका पं. मुक्तिनाथ शर्मा, प्रेमराज मुल्मी र मीनराज पराजुलीलाई दिइयो। यसरी प्रजातन्त्रको उदयसँगै पोखरामा पत्रकारिताको वीउ टुसाएको हो। २००७ सालको फागुन ७ गते प्रजातन्त्र घोषणा भयो, २००८ सालको भदौ अर्थात् ६ महिनाभित्र जनश्रमदानवाट पोखराको विमानस्थल वनेर तयार भएको हो। त्यसको उद्घाटन त्यति नै खेर तत्कालीन अन्तरिम राणा-काङ्ग्रेस सरकारका गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला र गणेशमान सिंहले हवाइजहाजमा आई विमान स्थलमा अवतरण गरी गरेका हुन्। त्यहीवेला उपर्युक्त *नवयुग* पत्रिकाको प्रति उनीहरूलाई दिइएको थियो। पत्रिका १६ पाने हात्ती छाप कापीमा प्रेमराज मुल्मी र मीनराज पराजुलीका हातले लेखिएको थियो। यो प्रयास येनकेन प्रकारेण ३ महिनासम्म निरन्तर रह्यो। उनीहरू व्यवसायी थिए, सघाउने अरू कोही भएन र पत्रिका वन्द भयो।

आवश्यकताको टड्कारो अनुभूति नभएसम्म कुनै पनि कुराप्रति मानिसको ध्यान तानिन्न। २०१५ सालमा आमचुनाव गराउने घोषणा राजावाट भएपछि प्रचारप्रसारका लागि प्रेसको आवश्यकता टड्कारो देखियो। पोखरामा सानोतिनो एउटा प्रेस हुने हो भने पश्चिम ३ नं. (हालको पोखरा क्षेत्र), पश्चिम ४ नं. (हालको स्याङ्जा क्षेत्र) इलाका र वाग्लुङ गौडासम्मको पहाडी भेगलाई त्यसले काम दिन्छ भन्ने सोचेर तत्कालीन मन्त्री परिषद्का अध्यक्ष तथा नेपाली काङ्ग्रेसका नेता सुवर्ण शम्शेर एवं सूर्यप्रसाद उपाध्यायको प्रेरणाले २०१४ सालमा एउटा ११" × १६" नापको हाते प्रेस पोखरावजार, भैरव टोलका चीनवहादुर, रामवहादुर वडगामी दाजुभाइले यहाँ ल्याएका हुन्। उनीहरूले छाप्ने, मेसिन चलाउने र अक्षर मिलाउने एकजना मानिस पनि काठमाडौंवाट ल्याएका थिए। तिनताक लेटर प्रेस नै चलनमा थियो। प्रेस आयो, तर काम थिएन, केही समय त्यसै थन्किएर वस्यो। २०१५ सालमा चुनावको गतिविधि सुरु भएपछि मात्रै उम्मेदवारका पर्चा-पोस्टर छाप्ने काम पायो। श्रम र साधनको सीमितताले गर्दा तैपनि पूरा क्षमताको काम गर्न प्रेसले पाइरहेको थिएन। नभए भएन भन्यो, भएपछि काम नभएर भएन, विपन्न अवस्थाको स्वभाव यस्तै हुँदो रहेछ।

२०१६ सालको आरम्भमा निर्वाचित सरकार सत्तारूढ भएपछि नयाँ हलचल पैदा भयो मुलुकमा। निर्वाचनमा दुई तिहाई वहुमत प्राप्त गरी सत्तारूढ वन्न सफल नेपाली काङ्ग्रेसको सरकारले चुनाव घोषणापत्रमा आफूले गरेका वाचाअनुसारका नीति र कार्यक्रम क्रियान्वित गर्ने दिशामा आफ्ना निर्णयहरू सार्वजनिक गरेपछि उत्पन्न त्यो हलचलको सिलसिलामा प्रजातन्त्रको उदयसँगै जनचेतना जगाउन पत्रिका चलाउने भावना तीव्र रूपमा नै जाग्यो। औंलामा गन्न नपुग्ने शिक्षित तरूणहरूले पोखरामा साप्ताहिक पत्रिका चलाउने विचार गरे। २०१७ साल कार्तिक २६ गते त्यो विचारले *हिमदूत* साप्ताहिकको प्रकाशन आरम्भ गरेर व्यवहारको रूप लियो। यसका प्रकाशक सम्पादकमा पटना विश्व विद्यालयका स्नातक जगन्नाथ सिग्देल थिए, मुद्रकमा वडगामी प्रेस, जो पोखराको एउटै मात्र प्रेस थियो। यसका पछाडि हस्तलिखित पत्रिका *नवयुग*का पं. मुक्तिनाथ शर्मा, प्रेमराज मुल्मी र मीनराज पराजुलीका साथै यो अन्तरालमा निस्केका पोखराका पठित युवा र नेपाली काङ्ग्रेस थियो। पोखराको पत्रकारिताको थालनी यसैलाई मान्ने गरिएको छ।

## ५ पत्रकारितालाई बालग्रहले छोयो

पोखराको पहिलो पत्रिका *हिमदूत*ले ५ साता पूरा गर्न पाउँदानपाउँदै २०१७ साल पुस १ को काण्ड घटिहाल्यो। निर्वाचित सरकार विघटन मात्र गरिएन, संसद समेत विघटन गरी राजनीतिक नेताहरूलाई पक्राउ गरियो। सङ्कटकाल घोषणा भयो, संविधानमा उल्लेख भएका जनताका तमाम मौलिक हकहरू निलम्वित गरिए, राजनीतिक दलहरूमाथि प्रतिवन्ध लाग्यो। जिल्लाका राजनीतिक कार्यकर्ताहरूमाथि पनि धरपकड सुरु भयो। राजनीतिक उद्देश्य राखेर भर्खरै जन्मिएको पत्रिकामाथि अप्रत्याशित सङ्कट देखा पऱ्यो, वालग्रहले छोयो। केही दिनपछि संसदीय पद्धति नै विघटन गरिएपछि पत्रिकाको भविष्य अनिश्चित एवं अन्धकारपूर्ण भयो। मध्यमार्ग अर्थात्

समर्थन वा प्रतिरोध नगर्ने नीतिमा चल्दा प्रशासनको असहयोग मात्र भएन निरन्तर वक्रदृष्टि यसमाथि आइरहने निश्चित थियो। यो खतरा मोलेर भए पनि प्रकाशनलाई सुचारू रूपले लैजानेतिर प्रयत्नशील भैरहेको वेला अर्को दैवी वज्रपात आइलाग्यो। यसका प्रकाशक सम्पादक २४ वर्षे वैंशालु युवक जगन्नाथ सिग्देलकै विषमज्वरवाट देहान्त हुन गयो। सङ्कटमाथि अर्को सङ्कट थपिंदा *हिमदूत*को जीवनमा विपत्ति आउनु स्वाभाविक थियो। किन्तु सम्पादक सिग्देलका आफन्तहरूले पत्रिकाको प्रकाशनलाई निरन्तरता दिनुलाई उनीप्रतिको सच्चा श्रद्धाञ्जली हुने विचार गरे। तदनुरूप चित्राङ्गद सिग्देल प्रकाशक र ऋषि कोइराला सम्पादकको रूपमा नियुक्त भए। पत्रिका पहिलेकै लिकमा गुडाउन थालियो। यसरी पोखराको पत्रकारिताको विकासलाई "प्रथम ग्रासे मच्छिका पात" जस्तो दाँतमा ढुङ्गो लागेको हो। यो २००७ सालदेखि २०१७ सालसम्मको कुरा भयो।

## ६. पञ्चायतको ३० वर्ष

संसदीय शासनपद्धतिको विघटनपछि निर्दलीय पञ्चायत आयो। तत्काल यसको प्रतिरोधमा नेपाली काङ्ग्रेस वाहेक अरू कुनै सङ्गठन देखिएको थिएन। प्रतिरोधमा उत्रेको नेपाली काङ्ग्रेसलाई अराष्ट्रिय तत्वको संज्ञा दिइयो। निर्दलीय पद्धतिको राजनीति परिचालनका विभिन्न वर्गीय सङ्गठनहरू वनाइए। तिनलाई परिचालन गर्न केन्द्रमा राष्ट्रिय निर्देशन मन्त्रालय खडा गरियो र त्यसको मातहतमा अञ्चलमा अञ्चल निर्देशन अधिकारी र जिल्लामा जिल्ला निर्देशन अधिकारी नियुक्त गरियो। ती वर्गीय सङ्गठनहरूलाई पञ्चायतका अभिन्न अङ्ग वनाइयो र राष्ट्रिय पञ्चायतदेखि गाउँ तहसम्मका पञ्चायतमा ती वर्गीय सङ्गठनहरूको प्रतिनिधि निर्वाचित भै रहने संवैधानिक व्यवस्था भयो। ती सङ्गठनहरूको एउटै मात्र काम कथित अराष्ट्रिय तत्त्वलाई सैद्धान्तिक रूपमा परास्त गर्नु थियो। त्यसैले उनीहरू तिनलाई तथानाम गाली गरेर थाक्दैनथे। *हिमदूत*ले उनीहरूलाई अनुसरण गर्ने कुरा हुँदैनथ्यो। उनीहरूलाई आफ्नो भाषा वोलिदिने अखवार स्थानीय स्तरमा पनि चाहियो। र २०२० सालतिर *पञ्च समाज* र *गण्डकी*को प्रकाशन जिल्ला निर्देशन अधिकारी र अञ्चल निर्देशन अधिकारीको मातहतमा सुरु गरियो। जागिरे मानिसले सरकारी खर्चमा चलाउने र उद्देश्य पनि जन साधारणले नरूचाउने भएकाले पञ्चवाहेक उनीहरूका पाठक देखिँदैनथे। *पञ्च समाज*भन्दा *गण्डकी*को स्तर तिनलाई चलाउनेको योग्यताले भिन्न देखाउँदथ्यो। सीडीओले अड्कलेर दिएको पैसाले निर्देशन अधिकारी आफैँले निकाल्ने हुँदा *पञ्चसमाज* नियमितता र स्तरीयतामा निम्छरो थियो। *गण्डकी* साप्ताहिक गण्डकी अञ्चल पञ्चायतको कोषवाट चलाइने, सम्पादकको दरवन्दी पनि भएको हुंदा केही व्यवस्थित थियो। यसको मातहत *साहित्यधारा* नामको साहित्यिक पत्रिका पनि थियो। डा. महेश्वर शर्माको निर्देशनमा पहिले मुकुन्दशरण उपाध्याय र पछि केदार शर्मा ढकाल सम्पादक भएका थिए। राजनीति तरल थियो, हेरफेर हुँदैरहन्थे। त्यसैले यिनीहरूको स्थायित्व थिएन, केही समय चले र विलाए। यसै वीच लमजुङ उदीपुका तरूण वेदराज पन्त *राजा* मासिक पत्रिका लिएर देखा परेका थिए पोखरामा।

उनले यहाँ (पोखरा)का प्रतापकुमार भट्टचनलाई प्रकाशक वनाई आफू सम्पादक भएर १०" × १५" मापको २ पेजी दैनिक *दैनिक निर्णय*को प्रकाशन सुरु गरे। यो वेला सम्ममा पोखरामा तुलाचन प्रेस नामको अर्को प्रेस स्थापित भैसकेको थियो। तर साधन सीमित र श्रमिकको पनि अभावले क्षमताको पूरा उपयोग हुन सक्ने अवस्था थिएन। त्यसैले *दैनिक निर्णय* आफ्नै प्रेस वनाउने धुनमा रूपन्देही स्थानान्तरित भएको थियो।

समस्त कुरा मुलुकको राजनीतिमा निर्भर गर्दछ। विघटित संसदीय व्यवस्थाको पक्षधर नेपाली काङ्ग्रेसका सानाठूला नेता तथा कार्यकर्ताहरू कोही जेलमा थिए, कोही भारतमा निर्वासित थिए भने कोही देशभित्रै भूमिगत रूपमा साङ्गठनिक गतिविधि सञ्चालन गर्दथे। निर्वासित काङ्ग्रेसले पञ्चायतको प्रतिरोधमा सशस्त्र विद्रोह चलाएको थियो। भारत-चीन, भारत-पाकिस्तान वीचको राजनीतिले नेपाली काङ्ग्रेसको सशस्त्र विद्रोहलाई कमजोर वनाइदियो। निर्वासनमा रहेर नेपाली काङ्ग्रेसको नेतृत्व गर्ने जनरल सुवर्ण शम्शेरले संवैधानिक सुधारको आशा गर्दै विद्रोह वन्द गरेर राजालाई सहयोग गर्ने वक्तव्य दिएपछि स्थितिमा सुधार आयो। जेलमा राखिएका नेताहरूलाई मुक्त गरियो, कारवाहीमा परेकाहरूलाई माफी दिइयो। यस कार्यले तीनथरी विचारधारामा मुलुकको राजनीति प्रवाहित देखियो। एउटा धारा व्यवस्थावादीको थियो। व्यवस्थाको विपक्षमा प्रजातन्त्रवादी र कम्युनिस्ट देखिए। व्यवस्थावादीहरू आफूलाई राष्ट्रवादी भन्दथे। कम्युनिस्टहरू आफूलाई प्रगतिशील भन्दथे। राष्ट्रवादी र प्रगतिशीलको विरूद्ध प्रजातन्त्रवादी भए। यी समूहहरू विद्यार्थी समुदायमा २०२६ सालदेखि प्रकट रूपमा क्रियाशील देखिए।

परन्तु प्रतिवन्धित नेपाली काङ्ग्रेसका सभापति एवं अपदस्थ निर्वाचित प्रधानमन्त्री वी.पी. कोइराला कारागारमुक्त भएपछि भारत निर्वासनमा जानुभयो र फेरि सशस्त्र सङ्घर्षको विगुल फुक्नुभयो। यसले सुधारको दिशामा उठेका राजाका पाइला अवरूद्ध भए। राष्ट्रवादी र प्रगतिशील मिलेर प्रजातन्त्रवादी विरूद्ध प्रहार गर्ने स्थिति विकसित भयो। यो विकसित स्थितिमा पोखरामा प्रजातन्त्रवादी समूहले *नेपाल पर्यवेक्षक* साप्ताहिकलाई जन्म दियो भने प्रगतिशील समूह *नौलो हाँक* साप्ताहिक लिएर देखा पर्‍यो। राष्ट्रवादीहरूले *नौलो डाँको* र *आह्वान* नामका दुईओटा साप्ताहिक निकाले। यिनका अगाडि केवल राजनीति थियो, पछाडि न व्यवस्थापनको दक्षता न त सम्पादकीय कौशल र स्थायित्व दिने सोच। पत्रकारिताको विकासमा त्यसैले तिनको ठोस योगदान केही भएन।

राष्ट्रिय एकता र मेलमिलापको नीति घोषणा गरेर निर्वासन त्यागी आफ्ना सहयोगीहरू समेत वी.पी. कोइराला २०३३ सालमा स्वदेश फर्केपछि नेपालको राजनीतिले अर्को मोड लिन्छ। ज्यानको सजाय हुन सक्ने ७ ओटा राजद्रोहका मुद्दामा कारावास भोगिरहेका, क्यान्सर जस्तो घातक रोगले पीडित वी.पी. कोइरालालाई राजावाट सरकारी खर्चमा उपचारका निमित्त संयुक्त राज्य अमेरिका पठाइयो। २०३६ सालमा निर्विकल्प भनिएको निर्दलीय पञ्चायतको जनमत सङ्ग्रहको घोषणा गरेर राजावाट विकल्प खोजिनु इतिहासमा अपूर्व र अप्रत्याशित घटना थियो। यसले ध्रुवीकृत राजनीतिलाई चलखेल गर्न अरू सहज भयो। आफ्नो व्यवसाय गर्दै पहिलेदेखि

भूमिगत नेपाली काङ्ग्रेसको सङ्गठनमा आवद्ध केशवराज पराजुलीले जनमत सङ्ग्रहमा वहुदल पक्षमा जनमत सिर्जना गर्ने उद्देश्यले *जनमत* नामकै दैनिक समाचारपत्र चलाउने विचार गरी अनुमतिको लागि जिल्ला प्रशासनमा निवेदन दिएकोमा जनमत सङ्ग्रहको परिणाम अनुसार संविधान सुधार भएर नयाँ सरकार सत्तारूढ भई त्यसले प्रेस र प्रकाशनसम्वन्धी ऐन नियम वनाएपछि मात्र अनुमति प्राप्त भयो। सुधारिएको पञ्चायतमा राजाको सक्रिय नेतृत्व र निर्दलीयता वरकरार रहेकोले जनमत सङ्ग्रहको परिणामलाई स्वीकार गरे पनि प्रजातन्त्रवादीको विमति कायमै रह्यो। वुहदलीय प्रजातन्त्रलाई लक्ष वनाएर २०३९ साल मार्गदेखि दैनिक *जनमत*को प्रकाशन सुरु भयो। *जनमत*को प्रकाशनको स्पर्धामा दैनिक *अवलोकन*लाई उमाकान्त शर्माले प्रकाशमा ल्याए तर त्यो सरकारी रिकर्डमा राखिन मात्र निस्कन्थ्यो, वजारमा आउँदैनथ्यो। त्यसपछि *सप्तगण्डकी, भञ्ज्याङ, साँचो कुरा, अरूणोदय, वातावरण* नामका साप्ताहिक पत्रिकाले प्रकाशनको अनुमति पाए। *सप्तगण्डकी*लाई यसका प्रकाशक सम्पादक भूपनिधि पन्तले पत्रकारिताको आदर्श अनुरूप लैजान प्रयत्न गर्दा अञ्चल प्रशासनले उनको खेदो गऱ्यो। राजकाजको मुद्दा लाग्यो, जेल जानुपऱ्यो। उदाउनु र अस्ताउनु गर्दै केही वर्षपछि यसले विश्राम लियो। *भञ्ज्याङ* र *साँचोकुरा* पनि पर्व पत्रिकाको रूपमा केही वर्ष चलेर अस्ताए। वालकृष्ण सुवेदीले *अरूणोदय*लाई ७/८ अङ्क जति निकालेका थिए भनिन्छ। अनुमति लिएर पनि *वातावरण* प्रकाशित नै भएन। अर्को वर्ष *राष्ट्र आवाज* र *पर्यवेक्षक* साप्ताहिकको प्रकाशनको अनुमति क्रमशः केशव भण्डारी र तिलकमान गुभाजूले लिएका थिए। केशव भण्डारीको *राष्ट्र आवाज* अद्यावधि निस्कदै छ, तर वजारमा यसको विक्री कम नै देखिन्छ। *पर्यवेक्षक* पनि केही समय निस्कने, केही समय वन्द हुने गर्दै जन आन्दोलनपछि पनि देखिँदै थियो। दैनिकमा परिणत भै केही समय चलेर अहिले यो वन्द छ। यसपछि र जनआन्दोलन पहिले अरू दुई तीनओटा पत्रिकाले प्रकाशनका अनुमति लिए, कुनै केही समय पारम्परिक आकारमा केही समय नियमित अनियमित रूपमा चले, केही एकाध अङ्क निक्लदै आफैं वन्द भए।

पञ्चायतकाल स्वतन्त्र पत्रकारिताको निम्ति वाधक थियो। पत्रकारिताको नाममा चाटुकारिता गरेर आफ्नो वन्दोवस्त गर्ने कथित पत्रकारलाई यो सुवर्ण अवसर थियो। स्वच्छ पत्रकारिता गर्ने पत्रकारहरूले पाइला पाइलामा प्रताडना पाउँथे। सदाकाल पत्रकारको शिरमाथि तरवार झुण्डिएको हुन्थ्यो। "मिसन"को पत्रकारिता गर्ने प्रतिवद्धता लिएका पत्रकारहरू पनि हुन्थे, उनीहरू वरू सजाय कवुल गर्दथे तर मिसनलाई त्याग्दैनथे। यो समग्र देशकै कुरा हो। पोखरा पनि देशकै परिधिभित्र थियो, वाहिर थिएन।

## ७. प्रजातन्त्र पुन:स्थापनापछि

प्रजातन्त्रको पुन:स्थापनापछि पत्रपत्रिकाको वाढी आएको छ। पोखराजस्तो सानो सहरमा ६/७ दैनिक पत्रिकाहरू वजारमा देखिएका छन्। साप्ताहिक पत्रिकाहरू पनि दर्ता भएका थुप्रै भए। ६ ओटा पाक्षिक पत्रिका दर्ता भएका छन्। तर प्रकाशनमा यतिखेर साप्ताहिक *राष्ट्र आवाज* र पाक्षिक *पोखरा एक्सप्रेस* वजारमा नियमित

जस्तो देखा पर्दछन्। अरूको वजारमा उपस्थिति देखिँदैन। सम्भवतः ती प्रकाशनमा नै छैनन्। पत्रिका रहरको रूपमा छ – सम्पादक प्रकाशक कहाउने रहर, अरूले चिने पनि नचिने पनि सरकारी अभिलेखमा सम्पादक वा प्रकाशकमा दरिन्छ, पत्रकार भइन्छ भन्ने रहर हुनुपर्दछ। पत्रकारिता पेसाको रूपमा व्यवसायको रूपमा, एउटा सीप वा कलाको रूपमा, एउटा साहसिक उद्यमको रूपमा हेरिएको जस्तो लाग्दैन यो वाढीलाई देख्दा। तर जतिले दर्ता गराए, त्यतिले प्रकाशन गर्ने हिम्मत गरेनन्, अनि जतिले प्रकाशन गरे, त्यतिले निरन्तरता दिन सकेनन्। प्रकाशन चलाउनु, पत्रकारिता गर्नु सजिलो कुरा होइन, अनि यो उत्तिकै जोखिमपूर्ण पनि छ भन्ने कुरा सामान्यतः नसोचिएर यस्तो भएको हुनुपर्छ। प्रेसको स्वतन्त्रता अभिव्यक्तिको स्वतन्त्रतामा अन्तरभावित हुनेकुरा थियो तर नेपालको संविधान २०४७ ले यसलाई उल्लेख नै गरेर विशेष महत्त्व प्रदान गरेको छ। यसलाई नेपालको संविधान २०४७ को एउटा विशेषता नै भने हुन्छ। किनकि अरू मुलुकमा संविधानमा यसरी उल्लेख भएको पाइँदैन। यसले पत्रकारितालाई निरापद सम्झेर मानिसहरू उत्साहित भएको पनि हुन सक्तछ। आम सञ्चारको छापा माध्यममा मात्र होइन विद्युतीय माध्यमहरूमा पनि मानिसहरू अघि सरेका छन्। पोखरामा अहिले ६/७ वटा दैनिक समाचारपत्रको प्रकाशन भैरहेको छ भने ४/५ ओटा एफएम रेडियोका स्टेशनहरू पनि सञ्चालन गरिएका छन्। कम्प्युटर टाइपिङ्ग, अफसेट प्रिन्टिङले पुरानो लेटर प्रेसलाई पाखा लगाइदिइसकेको छ। टेलिफोन, इमेल, इन्टरनेट, फ्याक्स आदि सञ्चारका साधनहरूले सञ्चार माध्यमहरूको सञ्चालन सरल र किफायती वनाएको छ। पाठक वढेका छन्, क्रेता–विक्रेता वढेका छन्। आवागमनको सुविधा विकसित भएको छ। स्थानीय समाचारप्रति उत्सुकता जागेको देखिएको छ। यसले पत्रकारिताका आउँदा दिनहरू उज्याला देखाइरहेको छ।

## ८. सम्पादन व्यवस्थापनको गुणवत्ता

पत्रकारिताको गुणवत्ता र उन्नति सम्पादन र व्यवस्थापनमा निर्भर गर्दछ। दुवै सँगसँगै जानु पर्दछ। गुणवत्ताको दृष्टिले पोखराको पत्रकारिता शैशव स्थितिमा नै वामे सर्दैछ। गुणवत्ताका लागि पत्रिकामा दिइने सामग्री कति तथ्यपरक छन्, कति वस्तुनिष्ठ छन्, कति विश्वसनीय छन्, तिनको प्रस्तुति कसरी गरिएको छ, भाषा सरल र शुद्ध छ छैन, पत्रिकामा सामग्रीको "स्पेसिङ्ग", कुन कुरालाई कुन ठाउँ दिने – कसरी राख्ने जस्ता कुराले महत्त्व राख्दछन्। यो पत्रिकाको शृङ्गार हो। शृङ्गारले सौन्दर्य सिर्जन्छ। सौन्दर्यले आकर्षण पैदा गर्दछ। पत्रिकालाई आकर्षक वनाउनु सम्पादकको जिम्मेवारी हो। प्रशासनिक कार्य, उत्पादनलाई चाहिने सामग्री जुटाउने कार्य, उत्पादित वस्तुको वितरण कार्य र लेख राख्ने कार्य व्यवस्थापन क्षेत्रका कुरा हुन्। यिनको चाँजो–पाँजो मिलाउने काम कठिन काम हो। यी कुरामा पोखराका पत्रिका चलाउनेहरूको अझै पर्याप्त ध्यान गएको देखिँदैन। यो प्रतिस्पर्धाको जमाना हो। व्यावसायिक निपुणता भएन भने स्पर्धामा टिक्न गाह्रो छ। व्यावसायिक–पत्रकारिताले पाठकको रुचिलाई प्राथमिकता दिन्छ र तदनुरूप सामग्री चयन गरी रोचक र शिष्ट शैलीमा पस्कने प्रयास गर्दछ।

पोखराको पत्रकारिताले सम्पादन र व्यवस्थापनको गुणवत्तातिर ध्यान दिनु जरूरी छ। अपरिपक्वता र लापर्वाहि पत्रकारिताले व्यावसायिकता हासिल गर्न सक्तैन। व्यावसायिक दक्षताका लागि लगन र लगानीमा कत्ति पनि कञ्जुस्याइँ हुनुहुँदैन। सस्तो वेसाहा खोज्दा पेट लागेर मर्ने सम्भावना हुन्छ। पेसाप्रति इमान्दार हुनै पर्दछ। यहाँका पत्रिकाहरूका प्रकाशक र सम्पादकहरूले आफ्नो व्यवस्थापन र सम्पादनमा गुणवत्ता ल्याउन प्रशस्त मेहनत गर्नुपर्ने खाँचो देखिन्छ।

पत्रिकाको विक्रीले मूल्य (लगानी) उठ्दैन। पत्रिका चल्ने आधार विज्ञापन हो। पत्रिकाको वजार नफैलाएसम्म विज्ञापन आउँदैन। अहिलेसम्म पनि पोखराका पत्रिकाले पोखराको वजार क्षेत्रवाहेक गाउँमा पनि पुग्न सकेको छैन। पोखराको सेरोफेरो ढाकेर वाहिर जिल्लाहरूमा पत्रिका ताजा पुऱ्याउने कोसिस भएको छैन। विभिन्न ठाउँमा पाठक वनाउन त्यहाँका समाचार पाउने र तिनलाई यथास्थानमा ठाउँ दिने गर्नुपर्दछ। अन्यत्रको कुरा छोडौं, पोखराका पत्रिका राजधानीमा पनि जाँदैनन्। प्रकाशक, सम्पादक र सम्वाददाताहरू तव मात्रै पेसाप्रति इमान्दार हुन्छन् जव उनीहरू अध्ययनशील हुने, मिहिनेत गर्ने, सीप-विकासमा दत्त चित्त रहने, खतरा मोल्न साहस गर्ने, अर्कोभन्दा आफूलाई कसरी भिन्न देखाउने जस्ता कुरामा तल्लीन रहन्छन्। पोखराको पत्रकारिताले पत्रकार र लगानीकर्तावाट यही अपेक्षा राखेको छ।

●